भाग ५

नेपाल सरकार

विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयको

सूचना

संवत् २०८३ सालको मापदण्ड (नेराप) नम्बर ०१

रेडियोधर्मी पदार्थको ढुवानी संरक्षण र सुरक्षा सम्बन्धी मापदण्ड, २०८३

प्रस्तावना : रेडियोधर्मी पदार्थको ढुवानी संरक्षण र सुरक्षा सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ को दफा ६० को उपदफा (१) को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालयले यो मापदण्ड बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "रेडियोधर्मी पदार्थको ढुवानी संरक्षण र सुरक्षा सम्बन्धी मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "एकल प्रयोग" भन्नाले कन्साइनर वा कन्साइनीको निर्देशन बमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ढुवानीको साधनमा प्रारम्भिक, मध्यवर्ती र अन्तिम रूपमा सामान चढाउने र ओराल्ने सम्बन्धी सबै कार्यको लागि एउटै मात्र कन्साइनरद्वारा कुनै ढुवानी वा ठूलो मालबाहक कन्टेनरको एकल प्रयोग सम्झनुपर्छ।

(ख) "कन्साइनी" भन्नाले कन्साइनमेन्ट प्राप्त गर्ने कुनै पनि व्यक्ति, संस्था वा सरकार सम्झनुपर्छ।

(ग) "कन्साइनमेन्ट" भन्नाले ढुवानीको लागि कन्साइनरले पठाएको रेडियोधर्मी पदार्थको कुनै पनि प्याकेज वा प्याकेजहरू वा लोड सम्झनुपर्छ।

(घ) "कन्साइनर" भन्नाले ढुवानीको लागि सामान तयार गर्ने र ढुवानी सम्बन्धी कागजातमा कन्साइनर भनेर नामाकरण गरिएको कुनै पनि व्यक्ति, संस्था वा सरकार सम्झनुपर्छ।

(ङ) "प्रदुषण" भन्नाले बीटा र गामा उत्सर्जकहरू र कम विषाक्तताका अल्फा उत्सर्जकहरूको लागि ०.०४ Bq/cm^2 वा अन्य सबै अल्फा उत्सर्जकहरूको लागि ०.०४ Bq/cm^2 भन्दा बढी मात्रामा सतही भागमा रेडियोधर्मी पदार्थको उपस्थिति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्झनुपर्छ र सो शब्दले अस्थिर प्रदुषण अर्थात रूटिनको समयमा सतही भागबाट हटाउन सकिने प्रदुषण तथा स्थिर प्रदुषण अर्थात प्रदुषण बाहेकका अन्य प्रदुषणलाई समेत जनाउँछ।

(च) "प्याकेज" भन्नाले ढुवानीको लागि तयार गरिएको रेडियोधर्मी सामग्री भएको प्याकेजिङ सम्झनुपर्छ।

(छ) "प्याकेजिङ" भन्नाले रेडियोधर्मी सामग्रीलाई पूर्ण रूपमा बन्द गर्न आवश्यक पर्ने तत्वहरूको संयोजन सम्झनुपर्छ र सो शब्दले प्याकेजको अभिन्न अङ्गको रुपमा रहेका विशेष गरी एक वा एकभन्दा बढी रिसेप्टेकलहरू, सोस्ने पदार्थहरू, स्पेसिङ संरचनाहरू भर्ने, खाली गर्ने, हावा निकाल्ने र चाप कम गर्ने विकिरण संरक्षण र मर्मतका उपकरणहरू, चिसो पार्ने, यान्त्रिक झट्का सोस्ने, ह्यान्डल गर्ने र बाँध्ने, थर्मल इन्सुलेशन गर्ने उपकरणहरू तथा मर्मत गर्ने उपकरणहरू, प्याकेजिङ्ग बक्सा, ड्रम वा यस्तै समान रिसेप्टेकल वा ठूलो मालवाहक कन्टेनर, ट्याङ्क वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मध्यवर्ती बल्क कन्टेनरलाई समेत जनाउँछ।

(ज) "यातायात सूचकाङ्क (टिआई)" भन्नाले विकिरणको संसर्ग (एक्स्पोजर) माथि नियन्त्रण प्रदान गर्न प्रयोग गरिने प्याकेज, ओभर प्याक वा मालबाहक कन्टेनर वा प्याकेज नगरिएका LSA-I वा SCO-I को लागि तोकिएको सङ्ख्या सम्झनुपर्छ।

(झ) "विकिरणको तह" भन्नाले प्रति घण्टा मिलिसिभर्टमा व्यक्त गरिए अनुरूपको डोज दर सम्झनुपर्छ।

(ञ) "सवारी साधन" भन्नाले सडक सवारी साधन (जोडिएका सवारी साधन, जस्तै ट्र्याक्टर र अर्ध-ट्रेलरको संयोजन) सम्झनुपर्छ।

परिच्छेद-२

उद्देश्य तथा दायरा

३. **उद्देश्य** : रेडियोधर्मी पदार्थको अनधिकृत पहुँच, क्षति, नोक्सानी, चोरी, तोडफोड वा अनधिकृत स्थानान्तरण, ढुवानीको क्रममा तोडफोड र अन्य दुर्भावनापूर्ण कार्य रोकी रेडियोधर्मी पदार्थलाई उच्चस्तरको सुरक्षाको व्यवस्था गरी ढुवानीको क्रममा हुने विकिरणको हानिकारक असरबाट कामदार (कन्साइनर, बाहक र कन्साइनी), सर्वसाधारण र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वातावरणलाई सुरक्षित राख्नु यस मापदण्डको मुख्य उद्देश्य रहेको छ।

४. **दायरा :** व्यक्ति, समाज र वातावरणमा उल्लेख्य रुपमा जोखिम निम्त्याउने सबै रेडियोधर्मी पदार्थको ढुवानी लगायतका सेवा यस मापदण्डको दायरा रहेको छ।

तर सैन्य वा रक्षा सम्बन्धी कार्यक्रम अन्तर्गतका रेडियोधर्मी पदार्थमा यस मापदण्डमा भएका व्यवस्था लागु हुने छैन।

परिच्छेद-३

सुरक्षित ढुवानीसम्बन्धी व्यवस्था

५. **रेडियोधर्मी पदार्थ प्राप्तकर्ताको जिम्मेवारी** : रेडियोधर्मी पदार्थ प्राप्तकर्ताको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) प्रदुषणको जाँच गर्न प्याकेजको विकिरणको सर्वेक्षण गर्ने,

(ख) भौतिक क्षतिको कुनै प्रमाणका लागि प्याकेजको जाँच गर्नु र कुनै सुरक्षण सिल छ भने दुरूस्त अवस्थामा नै भएको सुनिश्चित गर्ने,

(ग) भरिया कर्मचारीलाई अनावश्यक रूपमा विकिरणको संसर्गमा आउन नदिन बोक्ने साधनबाट रेडियोधर्मी पदार्थ भएका प्याकेज तुरुन्तै उठाउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) इजाजतपत्रवालाको आधिकारिक व्यक्तिले मात्र रेडियोधर्मी पदार्थको ढुवानी प्राप्त गर्ने।

६. <u>रडियोधर्मी पदार्थ ढुवानीकर्ताको जिम्मेवारी</u> : यस मापदण्ड बमोजिम रेडियोधर्मी पदार्थ ढुवानी गर्दा ढुवानीकर्ताको जिम्मेवारी देहाय बमोजिम हुनेछ :-

(क) ढुवानीको लागि प्याकेज तयार गर्नु अघि रेडियोधर्मी स्रोत/पदार्थहरू उचितरूपले सुरक्षित स्थितिमा राखिएको सुनिश्चित गर्ने,

(ख) प्याकेजको कुनै सुरक्षण सिल भएमा दुरूस्त अवस्थामा नै रहेको समेत सुनिश्चित गर्ने,

(ग) रेडियोधर्मी स्रोत/पदार्थको प्याकेज क्रेट वा अन्य बाहिरी प्याकेजभित्र प्याक गरिएको भए बाहिरी प्याकेजिङ्ग सामान्य ढुवानीको अवस्था सामना गर्न पर्याप्त रुपमा बलियो बनाई प्याकेजको बाहिरपट्टी "रेडियोधर्मी" भन्ने चिन्ह लगाउने,

(घ) प्याकेजमा रहेको चिन्ह लामो समयसम्म रहने, पढ्न सकिने र देखिने गरी लगाउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर अपवादजनक प्याकेजको हकमा "रेडियोधर्मी" भन्ने चिन्ह लगाउनु पर्ने छैन।

(ङ) प्याकेजको सतही भागमा विकिरणको मात्रा १० mSv/h भन्दा बढी नबनाउने र प्याकेजको बाहिरी सतही भागमा भएको अस्थिर प्रदुषण देहाय बमोजिम भन्दा बढी नहुने सुनिश्चित गर्ने :-

(१) विटा र गामा उत्सर्जक र कम विषाक्तता अल्फा उत्सर्जकका लागि ४ Bq / cm^2, र

(२) अन्य सबै अल्फा उत्सर्जकका लागि ०.४ Bq/ cm^2।

७. <u>ढुवानीको जानकारी सम्बन्धी व्यवस्था</u> : (१) रेडियोधर्मी पदार्थको प्याकेजको संरक्षण र सुरक्षित ढुवानीको लागि प्याकेजमा देहाय बमोजिमको जानकारी दिनु पर्नेछ :-

(क) रेडियोन्यूक्लाइडको प्रकार,

(ख) रेडियोन्यूक्लाइडको एक्टिभिटी,

(ग) ढुवानी सूचकाङ्क,

(घ) विकिरणको चिन्ह (लेवल),

(ङ) प्याकेजको वजन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) पहिचान नम्बर/प्राविधिक विवरण सङ्ख्या,

(छ) ढुवानीको नाम राम्ररी उल्लेख भएको यु एन नम्बर,

(ज) कन्साइनरको नाम र ठेगाना

(झ) कन्साइनीको नाम र ठेगाना।

(२) प्याकेजको वर्गीकरण अनुसुची-१ बमोजिम गर्नु पर्नेछ र वर्गीकरणको लेबल प्याकेजको बाहिरी भागको दुवै तिर टाँस्नु पर्नेछ।

८. <u>रेडियोधर्मी पदार्थ ढुवानी गर्दा ध्यान दिनु पर्ने</u> : (१) राष्ट्रभित्र रेडियोधर्मी पदार्थको ढुवानीका लागि आधिकारिक इजाजतपत्रवालाको सवारी साधन प्रयोग गर्नु पर्नेछ।

(२) ढुवानीको लागि बन्द सवारी साधन प्रयोग गर्नु पर्नेछ र पठाउनु पूर्व र आगमनको समयमा ताला र सिल ठिक अवस्थामा भएको सुनिश्चित गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पाँचसय के.जी. भन्दा बढी तौल भएको प्याकेजिङ्गको ढुवानी खुला सवारी साधनमा गर्न सकिनेछ।

(४) रेडियोधर्मी पदार्थ बोकेको सवारी साधनमा चालक र विकिरण सुपरिवेक्षक बाहेक अन्य कुनै व्यक्तिलाई यात्रा गर्न अनुमति प्रदान गरिने छैन।

(५) चालकको कक्षमा भएको विकिरणको डोज स्वीकार्य सीमा (उदाहरणको लागि ०.५ μSv/h) भित्र भएको सुनिश्चित गर्न मूल्याङ्कन गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) ढुवानीको नियमित अवस्थामा विकिरणको मात्रा कुनै पनि बिन्दुमा २ mSv/h र सवारी साधनको बाहिरी सतही भागबाट दुई मिटरको दूरीमा ०.१ mSv/h भन्दा बढी हुनु हुँदैन।

(७) रेडियोधर्मी पदार्थको ढुवानीको लागि नियमित रूपमा प्रयोग गरिने सवारी साधनको प्रदूषणको तह निर्धारण गर्न समय-समयमा जाँच गर्नु पर्नेछ र प्रदूषणको तह ५ μSv/h भन्दा बढी हुनु हुँदैन।

तर प्रदूषणको मात्रा ५ μSv/h भन्दा बढी भएमा त्यस्तो सवारी साधनलाई प्रदूषण मुक्त नगरेसम्म रेडियोधर्मी पदार्थ ढुवानीको लागि प्रयोग गर्नु हुँदैन।

(८) द्वितीय-पहेँलो र तृतीय-पहेँलो वर्गका प्याकेजहरू बोक्ने सवारी साधनको तीनै तिर "रेडियोधर्मी" लेखिएको प्लेकार्ड अङ्कित गर्नु पर्नेछ।

(९) कन्साइनरले रेडियोधर्मी पदार्थको ढुवानीको अभिलेख राख्नु पर्नेछ।

(१०) ढुवानी गरिने रेडियोधर्मी पदार्थको प्रकृतिका बारेमा ढुवानीकर्तालाई जानकारी गराउनु पर्नेछ र सवारी साधनमा स्याटेलाइट नेभिगेसन ट्र्याकिङ प्रणाली (जिपिएस, जिएलओएनएएसएस आदि) जडान गर्नु पर्नेछ।

(११) चालक/विकिरण सुपरिवेक्षक सञ्चारको व्यवस्था गरी ढुवानीको क्रममा स्रोत/कन्टेनरको हलचललाई न्यूनीकरण गर्न सवारी साधनमा स्रोत राख्न विशेष व्यवस्था गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) रेडियोधर्मी पदार्थको ढुवानीको लागि उचित कागजात तथा अभिलेख तयार गरी कन्साइनरद्वारा हस्ताक्षर गर्नु पर्नेछ र सो कागजातको प्रतिलिपि ढुवानीकर्तालाई उपलब्ध गराउनु पर्नेछ।

(१३) रेडियोधर्मी पदार्थ बोकेको सवारी साधनमा आपतकालीन सम्पर्क नम्बर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

९. **आपतकालीन व्यवस्था** : (१) ढुवानीकर्ताले ढुवानीको क्रममा हुने जोखिमलाई न्यूनीकरण गर्न आपतकालीन योजना बनाएको हुनु पर्नेछ।

(२) रेडियोधर्मी पदार्थको ढुवानीको क्रममा अग्नि नियन्त्रक, डोरी, अतिरिक्त टायर, उपकरण जस्ता उपयुक्त आपतकालीन व्यवस्थाहरू चालकसँग हुनु पर्नेछ।

(३) सवारी साधनसँगै हुने रेडियोधर्मी सुपरिवेक्षकसँग आपतकालीन किट (प्रदूषण मुक्त पार्ने किट, पन्जा, प्लाष्टिक आदि) र विकिरण चिन्ह, टेप, क्यालिब्रेटेड विकिरण सर्वेक्षण मिटर र फिल्म व्याज/पकेट डोसिमिटर जस्ता उपकरण हुनु पर्नेछ।

(४) रेडियोधर्मी पदार्थको ढुवानीको क्रममा दुर्घटना भएमा कन्साइनरको सम्बन्धित व्यक्ति र नियमनकारी निकायलाई समेत जानकारी गराउनु पर्नेछ।

१०. **हाई एक्टिभिटि स्रोत ढुवानीको** : हाई एक्टिभिटि स्रोत (सुरक्षा समूह A र B) ढुवानी गर्दा देहाय बमोजिमका मापदण्ड पूरा गर्नु पर्नेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) रेडियोधर्मी पदार्थ भएको प्याकेज बोकेको सवारी साधनले अन्य कुनै सामान बोक्नु नहुने,

(ख) योग्य र पूर्ण साधन सम्पन्न विकिरण सुरक्षा अधिकारी/स्वास्थ्य भौतिकशास्त्री सुपरिवेक्षक त्यस्तो सवारी साधन सँगसँगै मोबाइल सञ्चार प्रणाली सहितको छुट्टै सवारी साधनमा जाने व्यवस्था हुनु पर्ने,

(ग) विभिन्न उपायको विवरण सहितको एक सुरक्षा योजना तयार भएको हुनु पर्ने।

११. **स्रोतको संरक्षण र सुरक्षाको वर्गीकरण** : स्रोतको संरक्षण र सुरक्षाको वर्गीकरण सहितको ढुवानी गरिने रेडियोधर्मी पदार्थको सुरक्षा व्यवस्थापन अनुसूची-२ बमोजिम हुनेछ।

१२. **विकिरण संरक्षण कार्यक्रम** : (१) रेडियोधर्मी पदार्थको ढुवानीको लागि प्रत्येक इजाजतपत्रवालाले विकिरण संरक्षण कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ।

(२) कार्यक्रममा प्रयोग गरिने उपायको प्रकृति र सीमा ढुवानीको समयमा हुने विकिरणको संसर्गको सम्भावना र परिमाणसँग सम्बन्धित हुनु पर्नेछ।

(३) आर्थिक तथा सामाजिक कारकलाई ध्यान दिँदै व्यक्तिगत डोजको परिमाण, संसर्गमा आएका व्यक्तिको सङ्ख्या र संसर्ग हुनसक्ने सम्भावनालाई यथोचित रूपमा कम भन्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कम गर्न सकिने हदसम्म राख्न ढुवानीको समयमा सुरक्षा र संरक्षणलाई अधिकतम रूपमा बढाउनु पर्नेछ।

(४) ढुवानीका क्रियाकलापबाट हुने विकिरणको डोज एक वर्षमा ६mSv भन्दा बढी हुनु हुँदैन।

(५) ढुवानीका क्रियाकलापबाट मात्र उत्पन्न हुने पेशागत संसर्गको लागि विकिरण डोज देहाय बमोजिम हुनेछ :-

(क) प्रभावकारी डोज एक वर्षमा १mSv भन्दा बढी हुने सम्भावना धेरै कम छ भने विशेष कार्य ढाँचाहरू, विस्तृत अनुगमन, डोजको मूल्याङ्कन कार्यक्रम, व्यक्तिगत अभिलेख राख्न आवश्यक नहुने,

(ख) प्रभावकारी डोज एक वर्षमा १ देखि ६ mSv को बिचमा हुने सम्भावना छ भने कार्यस्थलको अनुगमन वा व्यक्तिगत अनुगमन प्रयोग गरेर डोज मूल्याङ्कन कार्यक्रम लागु गर्नु पर्ने,

(ग) प्रभावकारी डोज एक वर्षमा ६ mSv भन्दा बढी हुने सम्भावना छ भने व्यक्तिगत अनुगमन गरी व्यक्तिगत वा कार्यस्थलको अनुगमनको उपयुक्त अभिलेख राख्नु पर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. <u>तालिम</u> : (१) रेडियोधर्मी पदार्थको ढुवानीमा संलग्न व्यक्तिले विकिरणको जोखिमसँग सम्बन्धित उपयुक्त तालिम लिनु पर्नेछ।

(२) कामदारले रेडियोधर्मी पदार्थको प्याकेज तयार पार्ने, रेडियोधर्मी पदार्थको चिन्ह र लेबल लगाउने, ढुवानीको साधनमा चढाउने र ओराल्ने बारे पर्याप्त ज्ञान प्राप्त गरेको हुनु पर्नेछ।

१४. <u>ढुवानी र पारवहनमा भण्डारणको क्रममा अलग्गै राख्ने व्यवस्था</u> : (१) ढुवानी र पारवहनमा भण्डारणको क्रममा कामदार, सार्वसाधारण र अन्य खतरनाक सामानबाट रेडियोधर्मी पदार्थको प्याकेजलाई पर्याप्त रुपमा अलग्गै राख्नु पर्नेछ।

(२) ढुवानी गर्ने चालकलाई सर्वसाधारण अन्तर्गत वर्गीकरण गर्नु पर्नेछ।

(३) अलग्गै राख्नु पर्ने दुरी वा विकिरणको तह निर्धारण गर्न डोजको लागि देहाय बमोजिमको मानक (भ्यालु) सुनिश्चित गर्नु पर्नेछ :-

(क) नियमित रूपमा काम गर्ने क्षेत्रमा काम गर्ने कामदारको लागि एक वर्षमा ६ mSv को डोज,

(ख) सर्वसाधारणको लागि एक वर्षमा १ mSv को डोज।

(४) पारवहनको क्रममा रेडियोधर्मी पदार्थ संरक्षित तथा सुरक्षित रूपमा भण्डारण गरी कार्यस्थल/ओघटेको क्षेत्रबाट टाढा राख्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) पारवहन क्षेत्रमा टेप/डोरीले चिन्ह तथा विकिरणको सावधानी सङ्केत देखिने गरी लगाउनु पर्नेछ।

(६) पारवहन क्षेत्रमा रेडियोधर्मी पदार्थ अस्थायी रुपमा भण्डारण गर्दा उपयुक्त सुरक्षा उपायहरू अवलम्बन गर्नु पर्नेछ।

(७) रेडियोधर्मी पदार्थको कन्साइनमेन्ट कन्साइनीलाई बुझाउन नसकिने अवस्थामा यसलाई संरक्षित र सुरक्षित स्थानमा राख्नु पर्नेछ।

(८) कन्साइनरको जिम्मेवार व्यक्तिलाई तुरुन्तै सूचित गर्नु पर्नेछ र नियामक निकायलाई समेत छिटो सूचित गर्नु पर्नेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

प्याकेजको वर्गीकरण

ढुवानी सूचकाङ्क	बाहिरी सतहको कुनै पनि विन्दुमा हुने अधिकतम विकिरणको तह	वर्ग
०	0.00५ mSv/h भन्दा बढी नभएको	प्रथम- सेतो
० भन्दा बढी तर १ भन्दा बढी नभएको	0.00५ mSv/h भन्दा बढी तर 0.५ mSv/h भन्दा बढी नभएको	द्वितीय- पहेँलो
१ भन्दा बढी तर १० भन्दा बढी नभएको	0.५ mSv/h भन्दा बढी तर २ mSv/h भन्दा बढी नभएको	तृतीय- पहेँलो
१० भन्दा बढी	२mSv/h भन्दा बढी तर १० mSv/h भन्दा बढी नभएको	तृतीय-पहेँलो

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(दफा ११ सँग सम्बन्धित)

स्रोतको संरक्षण र सुरक्षाको वर्गीकरण

रेडियोधर्मी पदार्थको ढुवानीका सबै चरणका सुरक्षा उपाय त्यसको प्रकार र एक्टिभिटीको तहमा निर्भर हुन्छ। स्रोतसँग जोडिएको जोखिम जति बढी हुन्छ त्यसलाई सुदृढ पार्न त्यति नै बढी थप प्रयासहरू आवश्यक पर्छ। A/D मानक (भ्यालु) सँगै रेडियोधर्मी स्रोतको वर्गीकरणको आधारमा आईएईए (IAEA) ले चार सुरक्षा समूहहरू- A, B, C, D परिभाषित गरेको छ।

स्रोतको संरक्षण र सुरक्षाको वर्गीकरण

एक्टिभिटीको अनुपात (A/D)	स्रोतको वर्ग	सुरक्षा समूह
A/D ≥ 1000	1	A
1000 > A/D ≥ 10	2	B
10> A/D ≥ 1	3	
1> A/D ≥ 0.01	4	C
0.01 > A/D	5	D

आज्ञाले,

दीनानाथ मिश्र

नेपाल सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।